# हल्दीबारी राजपत्र

हल्दीबारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) झापा, कोशी प्रदेश, नेपाल, जेष्ठ १९ गते २०८० साल ( संख्या ३६

## भाग २

हल्दीबारी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

झापा, कोशी प्रदेश नेपाल

हल्दीबारी गाउँ कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८० को ऐन/नियमावली/निर्देशिका/कार्यविधि नं ३६

## हल्दीबारी गाउँपालिका स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी कार्यविधि २०८०

नागरिकलाई सर्वसुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि प्रचलित कानून बमोजिम सरकारी, निजी, सामुदायिक, गैर्‍हसरकारी वा सहकारी स्तरमा स्थापना हुने स्वास्थ्य संस्थाका सेवा विस्तार, स्तरवृद्धि, स्वास्थ्य सेवा सञ्चालन गर्दा पालन गर्नु पर्ने मापदण्ड तथा स्वास्थ्य सेवा सञ्चालन अनुमति प्रदान गर्ने प्रकृयालाई सरल, सहज, व्यवस्थित तथा प्रभावकारी बनाउन वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ बमोजिम तथा हल्दीबारी गाउँपालिकाको स्वास्थ्य सेवा सञ्चालन सम्वन्धी ऐन २०७७ बमोजिम हल्दीबारी गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम : हल्दीबारी गाउँपालिका स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "अनुगमन समिति"भन्नाले हल्दीबारी गाउँपालिकाले गठन गर्ने अनुसूची २ बमाजिमको समिति सम्झनु पर्दछ ।

(ख) "अनुमति प्रदान गर्ने निकाय"भन्नाले हल्दीबारी गाउँपालिका भन्ने सम्झनु पर्छ ।

(ग) "मन्त्रालय"भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समेतलाई सम्झनु पर्दछ ।

(घ) "प्रादेशिक स्वास्थ्य संरचना"भन्नाले प्रदेश अर्न्तगत रहने स्वास्थ्य सम्बन्धि मन्त्रालय,विभाग वा कार्यालयलाई समेत सम्झनु पर्दछ ।

(ङ) "कार्यालय"भन्नाले हल्दीबारी गाउँपालिको कार्यालयलाई सम्झनु पर्दछ ।

(च) "अस्पताल"भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित सरकारी अस्पताल, निजी अस्पताल,सामुदायिक अस्पताल, गैर्‍ह सरकारी अस्पताल वा सहकारी अस्पताल समेतलाई सम्झनु पर्दछ ।

(छ) "आयुर्वेद अस्पताल" भन्नाले आयुर्वेद चिकित्सा पद्धतिमा आधारित भई स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले आयुर्वेद चिकित्सा पद्धतिबाट उपचार गर्ने गरी सञ्चालन गरिएका पञ्चकर्म अस्पताल समेतलाई जनाउँछ ।

(ज) "गैर्‍हसरकारी अस्पताल" भन्नाले मुनाफा रहित उद्देश्यले स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि प्रचलित कानून बमोजिम दर्ता भई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनुपर्छ ।

(झ) "सहकारी अस्पताल" भन्नाले सहकारीको सिद्धान्त बमोजिम सदस्य समेतलाई स्वास्थ्य सेवा दिने उद्देश्यले सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताललाई सम्झनुपर्छ ।

(ञ) "सामुदायिक अस्पताल" भन्नाले सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भई सामुदायिक लगानी र व्यवस्थापनमा सञ्चालन हुने गरी मुनाफा रहित उद्देश्य लिई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताललाई सम्झनुपर्छ ।

(ट) "स्वास्थ्य क्लिनिक"भन्नाले कुनै पनि व्यक्तिलाई स्वास्थ्य सम्बन्धी जाँच गर्ने, उपचार सम्बन्धी आवश्यक परामर्श, एक स्थानबाट पाँचवटा भन्दा कम सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजियो थेरापी, आँखा सम्बन्धि सेवा, दाँत सम्बन्धि सेवा, परिवार नियोजन जस्ता सेवा उपलब्ध गराउनका लागि प्रचलित कानून बमोजिम दर्ता भएका संस्थालाई सम्झनु पर्छ । सो शब्दले आयुर्वेद क्लिनिक समेतलाई जनाउँछ ।

(ठ) "भवन संहिता"भन्नाले भवन ऐन, २०७२ बमोजिम नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय भवन संहितालाई सम्झनुपर्छ ।

(ड) "भवन निर्माण मापदण्ड" भन्नाले भवन निर्माण सम्बन्धी मापदण्डमा उल्लेखित मापदण्ड सम्झनु पर्छ र सो शब्दले स्वास्थ्य सम्बन्धी भवनको लागि छुट्टै मापदण्ड नभएको स्थानको हकमा अनुसूची-२ मा उल्लेखित भवन निर्माण मापदण्ड समेतलाई जनाउँछ ।

(च) स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७(संशोधन सहित):- भन्नाले संघिय सरकारले निर्माण गरेको कार्यबिधि सम्झनु पर्दछ ।

## परिच्छेद-२
## स्वास्थ्य सेवा सञ्चालन अनुमति प्रक्रिया

३. **स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने व्यवस्थाः** (१) देहाय बमोजिमका स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्ने प्रयोजनका लागि गाउँपालिकाले अनुमति दिन सक्नेछ :-

(क) स्वास्थ्य क्लिनिक, प्राथमिक उपचार केन्द्र,आयूर्बेद क्लिनिक, सेवा रिग्मा(आम्ची)क्लिनिक, होमियोप्याथी क्लिनिक र यसै प्रकारका अन्यक्लिनिकहरु ।

(ख) फिजियोथेरापी केन्द्र, पुनर्स्थापना केन्द्र (मनोसामाजिक) प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, यूनानीउपचार, योगध्यान तथा शारिरीक ब्यायम केन्द्र, परम्परागत सेवा क्लिनिक र यसै प्रकारका अन्य क्लिनिक तथा सेवा केन्द्रहरु ।

(ग) १५ सैया सम्मको अस्पताल ।

(घ) डि (D) र ई (E)बर्गको ल्याबप्रयोगशाला ।

(ङ) यस गाउँपालिकामा स्वास्थ्य संस्था दर्ता वा स्तरोन्नती भए पछि सोको विवरण तोकिएको ढाँचामा प्रादेशिक स्वास्थ्य निकायलाई दिईने छ ।

(च) भबिष्यमा संघीय र प्रदेश सरकार स्थानीय तहबाट अनुमतिप्रदान गर्न तोकेका स्वास्थ्य संस्थाहरु ।

४. **सञ्चालन अनुमति दिन सकिने** :-

(१) स्वास्थ्य संस्थाले सेवा सञ्चालन गर्ने आवश्यक कागजातहरु संलग्न गरी अनुसूची १ बमोजिमको ढाँचामा सञ्चालन अनुमतिका लागि गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) दफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा गाउँकार्यपालिकाको कार्यालयले निवेदन प्राप्त गरेको मितिले पन्ध्र दिन भित्र अनुसूची २ बमोजिमको अनुगमन समिति अनुगमनका लागि खटाउनु पर्नेछ ।

(३) दफा (२) बमोजिम खटिएको अनुगमन समितिले पन्ध्र कार्य दिन भित्र स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्न उपयुक्त भए नभएको राय सहितको प्रतिवेदन गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(४) दफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदनको आधार र यस कार्यविधिमा उल्लिखित अन्य मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थालाई गाउँकार्यपालिकाको कार्यालयले स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(५) यस नियम बमोजिम स्वास्थ्य संस्थालाई स्वास्थ्य सेवा सञ्चालन गर्ने अनुमति दिने नदिने सम्बन्धमा दफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्रकार्य दिन भित्र निर्णय गरी सक्नु पर्नेछ र सो को जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

(६) यो कार्यविधि प्रारम्भ हुँदाका बखत स्वास्थ्य संस्था दर्ता गर्ने निकायमा दर्ता भएको तर दफा (४) बमोजिम अनुमति नलिइ सञ्चालन गरिरहेका स्वास्थ्य संस्थाले गाउँपालिकाले तोके बमोजिमको शुल्क लिई कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरी एक आर्थिक वर्ष सम्मका लागि सञ्चालन अनुमति दिन सक्नेछ ।

(७) दफा (२) (३) र (५) बमाजिम तोकिएको म्याद भित्र कार्य सम्पन्न नगरेमा अनुमतिका लागि निवेदन दिने स्वास्थ्य संस्थाले नगर प्रमुख समक्ष उजुर गर्न सक्नेछ । यसरी प्राप्त भएको उजुरी सम्बन्धमा प्रमुखले शीघ्र अनुगमन, प्रतिबेदन तथा निर्णयको व्यवस्था गरि दिन सक्नेछ ।

५. **थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनु पर्ने** : स्वास्थ्य संस्थाले आफूले सेवा सञ्चालन गर्न अनुमति पाएका सेवाको अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा गाउँपालिकाबाट यस कार्यविधि बमोजिमका प्रक्रिया पुरा गरी अनुमति प्राप्त गर्नु पर्नेछ ।

६. **अनुमति दस्तुर बुझाउनु पर्ने** : स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न अनुमति प्राप्त भएमा सम्बन्धित स्वास्थ्य संस्थाले गाउँपालिकाले तोके बमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

७. **नविकरण गराउनु पर्ने** : (१) यस कार्यविधि बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको अवधि समाप्त हुने मिति भित्र गाउँकार्यपालिकाको कार्यालयमा नविकरणका लागि निवदेन दिनु पर्नेछ । गाउँपालिकाले अनुमतिको अवधि समाप्त भएको मितिले एक महिना भित्र आवश्यक अनुगमन गरी नविकरण गर्नसक्नेछ ।

(२) दफा (१) बमोजिम निवेदन प्राप्त भएमा गाउँपालिकाले तोके बमोजिमको दस्तुर लिई वार्षिक नविकरण गरिदिन सक्नेछ । तर यो कार्यविधि प्रारम्भ हुनु अघि स्वास्थ्य संस्था सञ्चालन गर्ने अनुमति पाएका स्वास्थ्य संस्थाको हकमा त्यस्तो

स्वास्थ्य संस्थाले यस कार्यविधि बमोजिम तोकिएको मापदण्ड तथा पूर्वाधार तिन महिना सम्ममा पुरा गरि अनुगमन समितीको प्रतिवेदन अनुसार नविकरण गर्नसक्नेछ ।

(३) दफा (१) बमोजिमका अवधि भित्र मनासिब कारण परी निवेदन पेश गर्न नसकेको भनी कारण खुलाई थप एक महिना भित्र निवेदन पेश गरेमा गाउँपालिकाले दोब्बर नविकरण दस्तुर लिई सेवा सञ्चालन अनुमति नविकरण गर्न सक्नेछ ।

(४) दफा (२) वा (३) बमोजिमको अवधि भित्र नविकरणका लागि निवेदन पेश नगर्ने स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमतिपत्र स्वतःखारेज हुनेछ र सो को जानकारी सम्वन्धित निकायलाई समेत दिईनेछ ।

८. **गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्थाः**

(१) स्वास्थ्य संस्थाले आफूले प्रदान गरेका सेवाहरुको यस निर्देशिकामा उल्लिखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक बर्ष परीक्षण (स्वःमूल्यांकन गराई सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले पन्ध्र (१५) दिनभित्र अनुमति प्रदान गर्ने निकाय समक्ष अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(२) दफा (१) बमोजिम तोकिएको अवधि भित्र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सो प्रतिवेदन पेश गर्न निर्देशन दिनेछ। त्यस पछिको सात दिन भित्र पनि प्रतिवेदन पेश नगरेमा संचालन अनुमति रद्द गर्न सकिनेछ ।

(३) दफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले आवश्यकता अनुसार संभावित जोखिम, भौगोलिक अवस्थिति, बिरामीको चाप, शल्यक्रियाको संख्या, वित्तिय लगानीका आधारमा नमूना छनौट गरी स्वास्थ्य संस्थाले प्रदान गरेको सेवाको गुणस्तर तथा यस कार्यविधिको मापदण्ड पुरा गरे नगरेको सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्न वा गराउन सक्नेछ ।

(४) दफा (३) बमोजिम नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पूरा नगरी सेवा संचालन गरेको पाईएमा त्यस्ता संस्थालाई तत्काल सुधारका लागि बढीमा एक महिनाको म्याद दिई सुधारको मौका दिन सकिनेछ ।

(५) निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने, यस कार्यविधि बमोजिमका गुणस्तर तथा पूर्वाधार मापदण्ड पुरा नगर्ने वा गुणस्तर परीक्षणको वार्षिक प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई प्रदान गरिदै आएको दर्ता तथा नविकरण अनुसारका सेवा पूर्ण वाआंशिक रुपमा तत्काल बन्द गर्न आदेश दिन सकिनेछ ।

(६) दफा (५) बमोजिम स्वास्थ्य संस्थालाई कारबाही गर्नु पूर्व सम्बन्धित स्वास्थ्य संस्थालाई मनासिब माफिकको सफाइ पेश गर्न मौका दिनुपर्नेछ ।

(७) यस कार्यविधिमा अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि अन्य प्रचलित कानून बमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले बाधा गर्ने छैन ।

९. **निवेदन दिन सक्ने** : (१) दफा ८ को उपदफा (५) बमोजिम दिएका आदेश वा अनुगमन समितिले यस कार्यविधि बमोजिम पेश गरेको अनुगमन प्रतिवेदन उपर चित्त नबुझ्ने स्वास्थ्य संस्थाले त्यस्तो प्रतिवेदन पेश भएको मितिले १५ दिनभित्र चित्त नबुझ्नुको स्पष्ट आधार र कारण सहित पुनरावलोकनको लागि पालिका प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर प्रमुखले समितिसँग प्रतिकृया समेत लिई १५ कार्य दिनभित्र छानविन गरी यथाशीघ्र निर्णय दिने सक्नेछ ।

१०. **स्वास्थ्य संस्था गाभिई सेवा सञ्चालन गर्न सक्ने** : स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा सुविधा युक्त बनाउन सञ्चालनमा रहेका एक भन्दा वढी स्वास्थ्य संस्थाहरु एक आपसमा गाभिई सेवा सञ्चालन गर्न चाहेमा सो को अनुमतिका लागि त्यस्ता स्वास्थ्य संस्थाहरुले संयुक्त रुपमा निवेदन दिन सक्नेछन् । तर गाभिने स्वास्थ्य सस्थाको शैया संख्या पन्ध्र वा सो भन्दा कम हुनु पर्नेछ ।

## परिच्छेद-३
## स्वास्थ्य सेवा सञ्चालन तथा गुणस्तर सम्बन्धी व्यवस्था

११. **स्वास्थ्य सेवा सञ्चालनः** (१) यस निर्देशिका बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य सेवा सञ्चालन गर्नु हुदैन ।

(२) अनुमति नलिईकन स्वास्थ्य सेवा सञ्चालन गरेको पाइएमा सो कार्य रोक्न तथा त्यस्तो स्वास्थ्य संस्थालाई आवश्यक कानूनी कारवाही गरिनेछ र त्यस्ता संस्थाका संचालक भविष्यमा अन्य स्वास्थ्य संस्था संचालन अनुमतिप्रदान समेत गर्न नपाउने गरी अभिलेख गरिनेछ ।

(३) स्वास्थ्य संस्थाले आफनो उद्देश्य र क्षमताअनुसार अनुमति प्रदान गर्ने निकायबाट अनुमतिलिई देहायका सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछ :-

(क) आकस्मिक सेवा,
(ख) बहिरंग सेवा,
(ग) अन्तरंग सेवा,
(घ) निदानात्मक सेवा (प्रयोगशाला, रेडियोईमेजिङ समेत),
(ङ) शल्यक्रिया सेवा,
(च) प्रवर्द्धनात्मक तथा प्रतिरोधात्मक सेवा,
(छ) फार्मेसी सेवा,
(ज) फिजियोथेरापी सेवा,
(झ) शवगृह व्यवस्थापन,
(ञ) अस्पताल व्यवस्थापन,
(ट) वातावरण व्यवस्थापन,
(ठ) स्वास्थ्य संस्थाबाट निष्काशित फोहरमैला व्यवस्थापन,
(ड) प्रशुती सेवा

१२. **गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्ड** : (१) स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा सञ्चालन गर्दा देहायको गुणस्तरको सुनिश्चितता गर्नुका साथै देहायका उल्लिखित मापदण्डहरुको समेत पालना गरेको हुनुपर्नेछ,

(क) बहिरंग विभागमा आउने बिरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटो छरितो सेवादिने व्यवस्था मिलाउनु पर्नेछ ।

(ख) स्वास्थ्य संस्थामा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम संक्रमण नियन्त्रण (Infection Prevention) को व्यवस्थाहुनु पर्ने छ र सोको नियमित र प्रभावकारी अनुगमन गर्नु पर्नेछ ।

(ग) स्वास्थ्य संस्थाले विभिन्न इकाइबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु स्तरीय रुपमा सञ्चालन गर्न कार्यसञ्चालन निर्देशिका(Standard Operating Manual) तयार गरी लागू गर्नुपर्नेछ ।

(घ) स्वास्थ्य संस्थाले बहिरङ्ग सेवा प्रदान गर्ने चिकित्सकहरु उपलब्ध हुने समय तालिका दिन र बार समेत खुल्ने गरी सबैले देख्ने ठाउँमा राखिएको हुनु पर्नेछ ।

(ङ) स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित बिशेषज्ञ चिकित्सकबाट प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(च) उपलब्ध चिकित्सकहरु मध्ये बिरामीले सेवा लिन चाहेको चिकित्सकबाट सेवा लिनपाउने व्यवस्था सुनिश्चित गर्नुपर्नेछ ।

(छ) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनुपर्नेछ ।

(ज) अस्पताल परिसर तथा सेवा दिने कक्षहरु नियमित रुपमा सफा राखिएको हुनुपर्नेछ ।

(झ) सबैले देख्ने स्थानमा उजुरी पेटिका राखिएको हुनुपर्नेछ ।

(ञ) जन गुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो तथा पर्न आएका उजुरी समाधान गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ । साथै समाधान हुन नसक्ने भएमा सोको कारण सम्बन्धित व्यक्तिलाई जानकारी गराउनु पर्नेछ।

(ट) सेवाग्राहीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको नागरिक बडापत्र (Citizen Charter)सबैले देखिने गरी राख्नु पर्नेछ र सोही अनुरुप सेवाको सुनिश्चितता गर्नुपर्नेछ ।

(ठ) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायताकक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनुपर्नेछ ।

(ड) सेवाप्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाका लागि सम्बन्धित स्वास्थ्य संस्थाले विभिन्न सरुवा रोग विरुद्धका खोप तथा व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनु पर्नेछ ।

(ढ) हरेक स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धी विनियम बनाएको हुनुपर्नेछ । कर्मचारीको श्रम शोषण गर्न पाईने छैन । कर्मचारीलाई न्यूनतम ज्याला वा परिश्रमिक दिनुपर्ने छ ।

(ण) स्वास्थ्य संस्थाले नेपाल सरकारबाट संचालित सेवा वा कार्यक्रम संचालन गर्दा नेपाल सरकारले तोकेका प्रोटोकल/मापदण्ड/निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनुपर्नेछ ।

(त) अस्पतालले चौबीसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मी बाट आकस्मिक सेवा दिएको हुनुपर्नेछ ।

(थ) अस्पतालमा रहेको शैया संख्याको दश प्रतिशत शैया आकस्मिक सेवाको लागि छुट्टयाईएको हुनुपर्ने र शैया क्षमताको आधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको व्यवस्था गरेको हुनुपर्नेछ ।

(द) आकस्मिक विभागबाट बिरामी भर्ना गर्ने,रिफर गर्ने, बिरामीको रेफरल प्रक्रिया र अर्न्तविभागीय तथा अर्न्तसंस्था बिरामी सार्ने पद्धति स्पष्ट परिभाषित भएको हुनुपर्नेछ र सो बमोजिमको ढाँचामा विवरण सबैले देख्ने ठाँउमा राख्नु पर्नेछ ।

(ध) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि गाउँपालिकाको सिफारिसमा कुल शैयाको १० प्रतिशत हल्दीबारी गाउँपालिकाका बासिन्दालाई छुट्टयाई निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ र अनिवार्यरुपमा सार्वजनिक गर्नु पर्ने छ ।यस्तो सेवामा व्यक्तिलाई दिईएको उपचारको छुट रकम गणना गरिने छैन ।

(न) उपदफा (१) (ध) बमोजिम उपलब्ध गराएका उपचार सेवाको अभिलेख राखी सो को प्रतिवेदन गाउँपालिकामा नियमित रुपमा पेश गर्नु पर्नेछ ।

(प) अस्पतालहरुमा ज्येष्ठ नागरिकहरुलाई विशेष किसिमका सुविधाको व्यवस्था हुनु पर्ने र आवश्यक मात्रामा शैया छुट्टयाउनु पर्नेछ ।

(फ) स्वास्थ्य संस्था सञ्चालन गरिने भवन र अन्यपूर्वाधार भवन संहिता र सम्बन्धित क्षेत्र भवन निर्माण सम्बन्धी मापदण्ड तथा गाउँपालिकाले तोकको मापदण्ड अनुरुप हुनु पर्नेछ ।

(ब) सबै अस्पतालहरुले विपद् व्यवस्थापनको कार्ययोजना बनाएको हुनुपर्नेछ र सो को एक प्रति गाउँपालिकामा अनिवार्य रूपमा बुझाउनु पर्नेछ । सो कार्यका लागि सम्पर्क व्यक्ति समेत तोकी सो को जानकारी यस गाउँपालिकालाई दिनुपर्नेछ ।

(भ) सम्बन्धित स्वास्थ्य संस्थाले सूचना अधिकारी तोकी गाउँपालिकालाई जानकारी दिनुपर्नेछ ।

(म) स्वास्थ्य संस्थाबाट निक्लेको फोहोर मैलाको उचित ब्यबस्थापनको तयारी हुनु पर्दछ ।

## परिच्छेद-४
## अस्पताल सम्बन्धी मापदण्डहरू

१३. अस्पताल सम्बन्धी मापदण्डहरुको विस्तृत विवरण स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ (संशोधन सहित) बमोजिम हुनेछ ।

## परिच्छेद-५
## मानव शंसाधनव्यवस्थापन

१४. मानवशंसाधन सम्बन्धी मापदण्डहरुको विस्तृत विवरण स्वास्थ्य संस्थासञ्चालन मापदण्ड, २०७७ (संशोधन सहित) बमोजिम हुनेछ ।

## परिच्छेद-६
## औजार तथा उपकरणहरु

१५. यस कार्यविधिमा उल्लेख भएको औजार तथा उपकरण सम्बन्धी व्यवस्था यसै वमोजिम हुने उल्लेख नभएको हकमा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७(संशोधन सहित) बमोजिम हुनेछ ।

## परिच्छेद-७
## सेवा सम्बन्धी व्यवस्था

१६. **विशेषज्ञ सेवाप्रदान गर्ने अस्पतालका पूर्वाधार तथा मापदण्डहरू :** विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालको पूर्वाधार तथा मापदण्डहरू सम्बन्धी विस्तृत विवरण स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७(संशोधन सहित) बमोजिम हुनेछ ।

१७. **स्वास्थ्यक्लिनिक सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरु :**

(१) स्वास्थ्य क्लिनिकमा वा प्राथमिक स्वास्थ्य जाँच गर्ने सेवा प्रदायकले कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा पनि MBBS वा सो सरहको चिकित्सा सम्बन्धी उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ वा कम्ती मा सामान्य चिकित्सा वा सि.एम ए कोर्ष उत्तिर्ण गरी सम्बन्धित काउन्सीमा दर्ता भएको हुनुपर्ने छ ।

(२) स्वास्थ्य क्लिनिकमा फार्मेसी संचालन गर्न फार्मेसी औषधी व्यवस्था विभागमा दर्ता भएको र सम्बन्धित दर्तावाला व्यक्ती नै फार्मेसीमा रहि सेवादिनु पर्नेछ ।

(३) स्वास्थ्य क्लिनिकमा प्रयोगशाला,बिशेषज्ञ सेवा, डेण्टल सेवा सञ्चालन गर्नु परेमा छुट्टाछुट्टै सेवा सम्बन्धि निर्धारित पूर्वाधार पुरा गरि सेवा सञ्चालन अनुमती लिनु पर्नेछ । अन्य सेवा थप गर्नको लागि यसै वमोजिम हुने उल्लेख नभएको हकमा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७(संशोधन सहित) बमोजिम हुनेछ ।

(४) स्वास्थ्य क्लिनिक तथा प्राथमिक उपचार केन्द्रमा स्वास्थ्य सेवा सञ्चालनका लागि देहायवमोजिमका आवश्यक न्यूनतम भौतिक सुविधाहरु हुनुपर्नेछ :-

| | | |
|---|---|---|
| (क) | बिरामीको जाँच गर्न Ventilated वा AC कोठा<br>सेवा अनुसारको छुट्टाछुट्टै (कम्तीमा १४ वर्ग फिटका) | १ |
| (ख) | बिरामी बस्ने ठाँउ (कुर्ने ठाउँ ) | १ |
| (ग) | बिरामी जाँच्ने टेबुल, | १ |
| (घ) | चिकित्सकका लागि टेबुल, | १ |
| (ङ) | चिकित्सकका लागिकुर्सी, | १ |
| (च) | बिरामी बस्ने टुल/कुर्सी, | १ |
| (छ) | शौचालयको व्यवस्था (अपाङ्ग मैत्री सहितभएको) | २ |
| (ज) | टेलिफोन, इन्टरनेट | |
| (झ) | स्वास्थ्यशिक्षा सम्बन्धी सूचना मूलक पोष्टर तथा अन्य सामग्री, | |
| (ञ) | स्वच्छ पानीको आपूर्ति, | |
| (ट) | निरन्तर विद्युत आपूर्ति, | |

(५) सेवा र विषय अनुसारका आवश्यक औजार तथा उपकरणहरुको व्यवस्था गर्नु पर्नेछ ।

(६) बिरामीको सम्पूर्ण विवरण राख्नको लागि कम्प्यूटर वा रजिष्टरको प्रयोग गर्नु पर्नेछ ।

(७) क्लिनिकमा प्रयोग हुने सम्पूर्ण औजारहरुको अनिवार्य निर्मलीकरणको व्यवस्था गर्नुपर्नेछ ।

(८) क्लिनिकमा काम गर्ने सम्पूर्ण कर्मचारीको योग्यताको प्रमाणप्रत्रको प्रमाणित प्रतिलिपि साथै प्राविधिक कर्मचारीहरुको सम्बन्धित परिषद्मादर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि राख्नु पर्नेछ ।

(९) दर्ता प्रमाणपत्र, सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।

(१०) नेपाल सरकार वा हल्दीबारी गाउँपालिकाबाट तोकिएको एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको ढाँचा अनुसार नियमित रुपमा मासिक प्रतिवेदनकार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

**१८. रेडियोलोजी वा डाईग्नोष्टिक एण्ड इमेजिङ सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा शर्तहरु :**

**रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति तथा योग्यता , Radiation Measurement and Protection सम्बन्धीव्यवस्था: Ultrasonogram (USG) USG :**

स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ (संशोधन सहित) बमोजिम हुनेछ ।

**(ङ) रेडियोलोजी सेवाको लागि न्यूनतम उपकरण तथा जनशक्ति पूर्वाधारहरु :**

| सि.न. | विवरण | क्लिनीक | १५ शैया |
|---|---|---|---|
| १ | एक्सरे मेशन | १०० एम ए - १ | ३०० एम ए - १ |
| २ | एक्सरे मेशिनपोर्टेवलमोवाईल | स्वेच्छिक | १०० एम ए - १ |
| ३ | अल्ट्रासाउण्ड मेशिन | स्वेच्छिक | स्वेच्छिक |
| ४ | जनशक्ति रेडियोलोजिष्ट | आशिंक समय | आशिंक समय |
| | रेडियोग्राफिकअधिकृत | १ | १ |

| | रेडियोग्राफर | २ | २ |
|---|---|---|---|

२०.प्रयोगशाला सेवाः

(१) प्रयोगशाला सेवा सञ्चालनका लागि प्रयोगशालाहरुको स्तर, विभाजन र जनशक्ति देहायब मोजिमहुनु पर्नेछ :-

(क) **मेडिकल टेक्नोलोजिष्ट** : मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजी विषयमा स्नातक BMLT / Bsc. MLT उपाधी प्राप्त ।

(ख) **ल्याव टेक्नीशियन** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण ।

(ग) **ल्याव असिष्टेण्ट** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एक बर्ष वा १५ महिनाको ल्या.अ तालिम पुरा गरी प्रमाण पत्रप्राप्त गरेका ।

(२) उपदफा (१) मा उल्लखित जनशक्तिले आफूले प्राप्त गरेका प्रमाणपत्रका आधारमा व्यवसाय गर्न नेपाल सरकारले तोकेका परिषदमा दर्ता हुनु पर्नेछ।

२१. प्रयोगशाला सञ्चालन सम्बन्धी न्यूनतम मापदण्ड :

देहायमा उल्लेख भए बमोजिम सरकारी स्तरमा सञ्चालित प्रयोगशालाहरुको स्तर अनुसारको मापदण्ड निजी क्षेत्रमा सञ्चालित प्रयोगशालाहरुको न्यूनतम मापदण्ड हुने छ :-

(क) प्रयोगशालाको न्यूनतम क्षेत्रफल बर्ग डि (D) को २५० बर्ग फिट र बर्ग ई (E) को १५० बर्ग फिट हुनुपर्ने छ ।

(ख) आकस्मिक सेवाप्रदान गर्ने हरेक अस्पतालमा शैया अनुसारका आवश्यक पर्ने आकस्मिक परीक्षणहरु गर्नु पर्नेछ । आइसीयु सेवाप्रदान गर्ने अस्पतालहरुमा Blood gas Analyzer हुनु पर्ने छ ।

(ग) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला वा अन्य सम्बद्ध निकायबाट सञ्चालन हुने गुणस्तर नियन्त्रण सम्बन्धी कार्यक्रममा अनिवार्य रुपमा भागलिनु पर्नेछ ।

(घ) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला बाट पठाईने गुणस्तर सम्बन्धी परीक्षण निर्देशन बमोजिम अनिवार्य रुपमा गर्नु पर्नेछ ।

(ङ) प्रत्येक कोठामा पर्याप्त प्रकास र भेन्टीलेशनको व्यवस्थाहुनु पर्ने छ ।

(च) बिजुली र पानीको राम्रो व्यवस्थाहुनु पर्नेछ ।

(छ) प्रयोगशालाले फोहर व्यवस्थापन नेपाल सरकार तथा गाउँपलिकाले तोकेको मापदण्ड र प्रक्रियाअनुसार गरेको हुनु पर्नेछ ।

(ज) प्रयोगशालामा रगत तान्ने कोठा, प्रयोग भएका सामाग्री सफा गर्ने कोठा, आकस्मिक कोठा, नमुना परिक्षण गर्ने कोठा र शौचालयको अनिवार्य व्यवस्थाहुनु पर्नेछ ।

(झ) प्रयोगशालामा आवश्यक पर्ने टेवुल, कुर्सी लगायतका आवश्यक फर्निचरहरु पर्याप्त मात्रामा हुनु पर्ने छ ।

(ञ) प्रयोगशालामा बिशेषज्ञ सेवा प्रदान गर्दा आफुले जुन उपाधी प्राप्त गरेको छ सोही अनुसार मात्र सेवा सञ्चालन गर्न पाउने छ ।

(ट) प्रयोगशालाको रिपोर्ट प्रमाणित गर्नेको नाम, शैक्षिक योग्यता एवं परिषदको दर्ता नंम्वर उल्लेखित स्ट्याम्पवा प्रिन्टको प्रयोग उल्लेख गरेको हुनु पर्ने छ ।

(ठ) प्रयोगशालामा कार्यरत जनशक्तिअनुसार देहायमा लेखिएबर्ग बमोजिमका परीक्षणहरु मात्र गर्न पाईनेछ ।

| बर्ग | परिक्षण |
|---|---|
| E | ➢ Hematology , TC,DC,haemoglobin,ESR ,blood grouping for non transfusionpurpode BT CT<br>➢ Biochemistry : sugar ,Urea , Bilirubin T&D S Uric acid , total protein , serum albumin<br>➢ Microbiology : Sputum AFB Stain (Z-N Stain)<br>➢ Test by RDTS : with simple interpretation<br>➢ Miscellaneous : Routine Urine analysis routine Stool Analysis Urine Pregnancy test Stool for reducing substances |
| D | ALL test of E category pluse following |

| | |
|---|---|
| | ➢ Hematology : RBC count ,PT , APTT, Platelets count , Hematocrit , red cell indices<br>➢ Biochemestry : SGOT , SGPT , ALP , Lipid profile ,Creatinine , sodium, potacium<br>➢ Microbiology :Gram stain and KOH mount for fungi<br>➢ Serological Test : RPR ,Widal test ASO Titre , RA Factor , CRP Tests by RDTS All<br>➢ Miscellaneous : Stoll for occult blood , Urine keton bodies , Urobilinogen , bile salt , bile pigment bence j ones preotein . |

(ङ)प्रयोगशालामा बर्ग अनुसार आवश्यक उपकरण तथा सामाग्रीहरु देहायबमोजिमहुनु पर्ने छ ।

| प्रयोशालाको बर्गिकरण | आवश्यक सामाग्रीहरु |
|---|---|
| E | All Basic Equipment , conumable , reagent/kit including (but not limited to)<br>✓ Binocular Microscope<br>✓ Centrifuge<br>✓ Colorimeter<br>✓ Water bath<br>✓ VDRL Shaker<br>✓ Hot air oven<br>✓ Micropipettes<br>✓ DC counter<br>✓ Power backup<br>✓ Autoclave |
| D | All Basic Equipment , conumable , reagent/kit including (but not limited to)<br>All Of E category plus<br>✓ Incubator<br>✓ Semi-automated biochemistry analyzer . |

(ढ) जनशक्ती सम्बन्धी :-प्रयोगशालामा देहायका न्यूनतम प्राबिधिक जनशक्ति रहनु पर्नेछ ।

| मानब संसाधन | बर्ग(ई) | बर्ग डि |
|---|---|---|
| जनशक्तिको बिबरण | न्यूनतम चार जनाहुने पर्नेछ । जसमा एक जना स्नातकवा सो भन्दामाथिल्ले तहको हुनुपर्ने छ । | प्राबिधिक जनशक्ति न्यूनतम दुई ल्याब असिस्टेण्ट वा सो भन्दामाथिल्ले तहको हुनु पर्ने छ । |
| चौबिसै घण्टा आकस्मीकप्रगोशाला सेवाप्रदान गर्नको लागिआवश्यकमानब संसाधन | एक जना चौबसै घण्टा । | |

**२२ फार्मेसी सेवा सम्बन्धी ब्यबस्था** : - निजी स्वास्थ्य क्लिनिक , स्वास्थ्य क्लिनिक , फार्मेसीको मात्र सेवा संचालन गर्नको लागि देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्दछ ।

(१) फार्मेसीको प्रचलित कानुन बमोजिम सेवा संचालनको लागि औषधि ब्यबस्था बिभागमा दर्ता भएको हुनुपर्नेछ ।

(२) फार्मेसीको लागि फार्मेसी अध्ययन गरेको जनशक्ति भई सम्बन्धीत काउन्सीलमा दर्ता भएको वा औषधि व्यवस्था विभागबाट ईजाजत प्राप्त व्याक्ति हुनु पर्नेछ ।

(३) फार्मेसीको लागि आवश्यक स्थान र कोठाहरु उपयूक्त क्षेत्रफलको हुनुपर्ने छ ।

(४) औषधि भण्डारको लागि एउटा छुट्टै भण्डार कोठा हुनु पनेछ ।

(५) फार्मेसी सेवा २४ सै घण्टा संचालन गर्नुपर्नेछ ।

(६) कुशलफार्मेसी अभ्यास अनुकुल हुने गरी औषधि खरिद भण्डारण अत्यावश्यक औषधि तथा अन्य सामाग्रीहरुको अभाव हुन नदिन , औषधि प्राप्ती , निरिक्षण ह्याडओभर । औषधीको गुणस्तर हेर्न , ईन्भेन्टरी ब्यबस्थापन लागु औषधिको गुज्रने म्याद, फोहोर ब्यबस्थापन , किरा तथा मुसाहरुको नियन्त्रण गर्न अस्पतालको स्तरीय संचालन बिधि अपनाएको हुनु पर्नेछ ।

## परिच्छेद ८

## आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाहरुको मापदण्ड

२३. **आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाहरुका मापदण्ड :**

(१) आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रणाली अन्तर्गत निजी स्तरमा स्वास्थ्य संस्थाका स्थापना, सञ्चालन तथ स्तरोन्नति गर्दा देहायका मापदण्डहरुको पालना गर्नु पर्ने छ :-

(क) **आयुर्वेद स्वास्थ्य सेवा:**

(१) आयुर्वेद चिकित्सा प्रणाली अन्तर्गत स्वास्थ्य सेवा प्रदान गर्दा वा चिकित्सा व्यवसाय गर्दा सम्बन्धित बिषयमा मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातकवा स्नातकोत्तर उपाधि हासिल गरी नेपाल आयुर्वेद चिकित्सा परिषदमा दर्ता भएकाहुनु पर्ने छ । नेपाल सरकारका वहाल वाला कर्मचारी भएमा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्ने छ ।

(२) पञ्चकर्म सेवा केन्द्रमा सम्बन्धित बिषयमा कम्तिमा बि.ए.एम.एस वा सो सरह उपाधि प्राप्त व्यक्तिबाट वमन, विरेचन, शिरो विरेचन, आस्थापन, अनवासन, वस्ति र रक्त मोक्षण प्रयोग गर्नु पर्ने उत्तर वस्तिका लागि सम्बन्धित विशेषज्ञबाट गर्नु पर्ने छ ।

(३) आयुर्वेद अस्पतालमा काम गर्ने कर्मचारीलाई संक्रमण सुरक्षा सम्बन्धी आवश्यक तालिम दिनु पर्ने छ ।

(४) आयुर्वेद अस्पतालले जनशक्ति, भौतिक पूर्वाधार, औजार-उपकरण र सेवाका गुणस्तरीयतामा मात्र संस्था विस्तार गर्न स्वीकृतिका लागि माग गर्न र उपयुक्त ठहर भएमा शाखा विस्तारका स्वीकृति दिन सकिने छ ।

(५) बिरामीको उपचारको सिलसिलामा आवश्यकता अनुसार विशेषज्ञ चिकित्सक समक्ष वा उपयुक्त स्थानमा प्रेषण (रेफर) गर्नु पर्ने छ ।

(६) रोग निदानार्थ आवश्यक पर्ने ई.सि.जी., ई.ई.जी, प्याथोलोजी र रेडियोलोजी तथा अन्य आवश्यक सेवाहरु संचालन गर्नु परेमा सम्बन्धित बिषयका जनशक्ति र सामाग्री सम्बन्धी भौतिक पूर्वाधार, औजार उपकरण नीति नियमको पालना गर्नु पर्ने छ ।

(७) इन्टिग्रेटेड क्लिनिक, नर्सिङ्गहोम वा अस्पताल भनी स्वीकृतिका लागि माग भएमा कुन कुन बिषय र सेवादिने उद्देश्य राखिएको हो ? सो प्रष्ट उल्लेख गरि सोही बमोजिमका जनशक्ति, औजार उपकरण र भौतिक पूर्वाधार व्यवस्था गर्नु पर्ने छ ।

(८) आयुर्वेद चिकित्साविधामा स्वास्थ्य रक्षा, रोग निवारण, औषधि द्रव्य काष्ठौषधि र औषधिको प्रयोग गरिने चिकित्सा सेवा, विना औषधि दिइने सेवा र आयुर्वेद स्वास्थ्य सेवामा उल्लेखित पूर्वकर्म अन्तर्गतका निराग्नीस्वेद (जल, वायु, सूर्यकिरण, पार्थिव तत्वको प्रयोग), अग्निस्वेदन, अभ्यङ्ग(Massage), सत्वावजय चिकित्सा ( योगाभ्यास, ध्यानआदि) का माध्यमबाट रोगको रोकथामवा दीर्घजीवनका लागि सञ्चालन गरिने संस्थाहरुले आयुर्वेद स्वास्थ्यकर्मीहरु, भौतिक पूर्वाधार, आवश्यक औजार उपकरण र तोकिएका मापदण्ड पुरा गरि जुन सुकै नाममा संचालन भएता पनि आधार ग्रन्थ सहित अनुमति गाउँपालिकाबाट अनुमति लिएर मात्र सञ्चालन गर्न पाइने छ ।

**(ख) आयुर्वेद चिकित्साअर्न्तगत रहने सेवाहरुः**

**चिकित्सा सेवा:**

१. रोग उपचार (आतुरविकार प्रशमन)

(क) युक्तिव्यापाश्रयचिकित्सा

(ख) संशमन (औषधिचिकित्सा)

(ग) संशोधन -वमना दिपञ्चकर्मशोधनचिकित्सा)
(घ) दैव व्यापाश्रय
(ङ) सत्वावजय
(च) शस्त्र-प्रणिधान
(छ) योगाभ्यास

२. स्वास्थ्य प्रवर्द्धनात्मक, स्वास्थ्य रक्षा तथा प्रतिरोधात्मक स्वास्थ्य सेवा
(क) प्रकृतिविनिश्चयर परामर्श
(ख) स्वस्थवृत्त पालन -ऋतुचर्या, दिनचर्या, रात्रिचर्या, पथ्यापथ्य,आहार विहार
(ग) रसायन
(घ) वाजीकरण
(ङ) पञ्चकर्म
(च) योगाभ्यास

(ग) **आयुर्वेद अस्पताल तथा नर्सिङ्ग होम सम्बन्धी मापदण्ड तथापूर्वाधार :** विवरण स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धिनिर्देशिका, २०७७ संशोधन सहितबमोजिमहुने छ ।

(घ) **आयुर्वेद पूर्वकर्म पञ्चकर्म सेवा केन्द्र सम्बन्धी मापदण्ड तथापूर्वाधारः** विवरण स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धिनिर्देशिका, २०७७ संशोधन सहितबमोजिमहुने छ ।

(ङ) **होमियोप्याथिकचिकित्सा सेवा स्थापनातथा सञ्चालन मापदण्ड** विवरण स्वास्थ्य संस्था स्थापना, संचालनतथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका, २०७७ संशोधन सहित बमोजिमहुने छ ।

## परिच्छेद १० :
## अभिलेख तथ ाप्रतिवेदन सम्बन्धी व्यवस्था

२४. **अभिलेख तथाप्रदिवेदनः**
(१) प्रत्येक स्वास्थ्य संस्थाले प्रदान गरेका सेवाहरु यस पालिकाबाट प्राप्त एकिकृत स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली अनुसार अभिलेख राख्नु पर्नेछ । तोकिएको समयमाआफुले प्रदान गरेको सेवाको प्रतिवेदन गाउँकार्यपालिकाको कार्यालयबाट प्राप्त एकिकृत स्वास्थ्य व्यवस्थापन सुचना प्रणालीको ढाँचामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । यसरी तोकिए बमोजिमको अभिलेख नराख्ने र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई गाउँपालिकाले सचेत गराउनुका साथै अनुमति खारेज गर्न समेत सक्नेछ र नविकरणको लागि नियमित प्रतिवेदन अनिवार्य पर्नेछ ।
(३) सूचना व्यवस्थापन गर्ने कर्मचारीलाई एकिकृत स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली सम्बन्धि तालिम लिने व्यवस्था मिलाईने छ ।
(४) स्वास्थ्य संस्थाले सेवा प्रदान गरेका विरामीहरुको रोगको विवरण ICD Coading गरी प्रतिवेदन गर्नु पर्नेछ ।
(५) स्वास्थ्य संस्थाले आफनो संस्थामा भएको जन्मतथा मृत्युको घटना विवरण प्रचलित कानून बमोजिम तोकिएको ढाँचामा सम्वन्धित वडामा मासिक रुपमादिनु पर्नेछ ।
(६) स्वास्थ्य संस्थाले आफ्नो संस्थामा नेपाल सरकारले तोकेको Notifiable diseases का विरामी पत्तालागेको वा शंकालागेको खण्डमा वा कुनै रोगको महामारीको शंका लागेमा तुरुन्तै गाउँपालिकामा सुचना गर्नु पर्ने छ ।
(७) गाउँपालिकाले सञ्चालन गर्ने मासिक, चौमासिक तथा वार्षिक समिक्षामा अनिवार्य उपस्थितहुनु पर्नेछ ।

## परिच्छेद ११
## सञ्चालन अनुमति नविकरण हुन नसक्ने अवस्थार खारेजी सम्बन्ध व्यवस्था

२५. **सञ्चालन अनुमति नविकरण नहुने** : (१) यस कार्यविधिमा अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि देहायका अवस्थामा स्वास्थ्य संस्थाका सेवा सञ्चालन अनुमतिको नविकरण गरिने छैन :-
(क) नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पुरा नगरी स्वास्थ्य सेवा सञ्चालन गरेको पाईएमा,
(ख) प्रारम्भिक वातावरणीय परीक्षणमा उल्लिखित शर्तहरु पालना नगरेको पाईएमा,
(ग) अस्पतालले प्रदान गरेका सेवाको तोकिएको ढाँचामा अभिलेख नराखेमा, तोकिएको ढाँचा र समयमा नियमित प्रतिवेदन नगरेमा र वार्षिक प्रतिवेदन नगरपालिकामा पेश नगरेमा,

(घ) स्वास्थ्य संस्थाबाट सिर्जित अस्पताल जन्य फोहर मैलाको उचित व्यवस्थापन नगरेको पाईएमा,

(ङ) मन्त्रालय वा प्रादेशिक स्वास्थ्य संरचना वा गाउँपालिकाको कार्यालयले दिएको निर्देशनको उल्लंघन गरेमा,

(च) भवन संहिता अनुरुप भवन निर्माण नभएको वा पुराना भवनको हकमा तोकिएका समय भित्र भुकम्पीय दृष्टिकोणले भवन प्रबलीकरण गरेको नपाईएमा ।

२६. **खारेजी गर्न सकिने** : (क) यो कार्यविधि प्रारम्भ हुन अघि अनुमति प्राप्त गरी सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले संस्था सञ्चालन गर्न नसक्ने जनाई सञ्चालन अनुमति खारेजीका लागि निवेदन दिएमा आवश्यक अनुगमन गरि प्रतिवेदनको आधारमा गाउँपालिकाले त्यस्ता संस्थाका सञ्चालन अनुमति खारेजी गर्न सक्ने छ ।

(ख) गैन्हकानूनी कृयाकलाप गरेको पाईएमा गाउँपालिकाले तोकिएको सेवा निलम्वनवा संस्थाको सञ्चालन अनुमतिखारेजी गर्न सक्नेछ । दफा २६ बमोजिम अनुमति नविकरण नहुने भएमा त्यस्ता संस्था स्वतःखारेज हुनेछन ।

ग) दफा २७ को खण्ड (ख) बमोजिम अनुमति खारेज गर्नु पूर्व त्यस्ता संस्थालाई मनासिव समावधि तोकी सफाइ पेश गर्ने मौका दिइने छ ।

## परिच्छेद १२
## विविध

२७ **सेवा शुल्क निर्धारण सिफारिस समिति सम्बन्धीव्यवस्था**: (१) सर्वसाधारणलाई उचित मूल्यमा गुणस्तरीय, स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयोजनका लागि स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरका आधारमा त्यस्ता स्वास्थ्य संस्थाले लिन सक्ने सेवा शुल्क सम्बन्धी मापदण्ड निर्धारण गर्दा जिल्ला दर भन्दा नबढने गरि स्वीकृत गराएर सार्वजनिक रुपमा वडापत्रमा प्रकाशित र सुसुचित गरेर मात्र निर्धारण गनुपर्ने छ । आवश्यकता अनुसार पालिका स्तरमा शुल्क निर्धारण सिफारिस समिति गठन हुनेछ सो समितिको सिफारिसमा गाउँपालिकाले शुल्कनिर्धारण गर्नेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) कार्यपालिका सदस्यमध्येबाट सामाजीक बिकास संयोजक एक जना र महिला सहित दुईजना -सदस्य

(ग) राजश्व प्रशासन शाखा/शाखाप्रमुख - सदस्य

**घ) प्रशासन** शाखा/ **प्रमुख -सदस्य**

(ङ) आर्थिक प्रशासनशाखा/शाखाप्रमुख -सदस्य

(च) उद्योग वाणिज्य संघ/चेम्वर अफकमर्शको प्रतिनिधि - १/१ सदस्य

(छ) निजि स्वास्थ्य संस्थाको संचालकहरु मध्येनगर प्रमुखले तोकेको-१ सदस्य

(ज) गाउँपालिका आधारभुत अस्पताल प्रमुख १ सदस्य

(झ) स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

(२) दफा (१) को प्रयोजनका लागि सेवा शुल्क निर्धारण सिफारिस समितिको बैठक आवश्यकता अनुसार वस्नेछ ।

(३) सेवा शुल्क निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि समिति आर्फैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) बैठकमा आवश्यकता अनुसार विषय विशेषज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

२८. **मापदण्ड तथा अनुसूचीमा हेरफेर** गाउँपालिकाले यस कार्यविधिमा उल्लिखित मापदण्ड तथा अनुसूचीहरू आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

२९. गाउँपालिकाबाट दर्ता तथा नविकरण शुल्क निर्धारण नहुदा सम्म स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका, २०७७ संशोधन सहित बमोजिम हुने छ ।

३०. **व्याख्या गर्ने अधिकार** : यस कार्यबिधिमा उल्लेखित कार्यान्वयनमा वाधा आई परेमा गाउँपालिकाले वाधा अड्का उफुकाउनको निर्णय गरि कार्यान्वयन गर्ने छ ।

३१ **यो कार्यबिधि अनुसार हुने :** यो कार्यबिधि लागु हुनु भन्दा पहिले दर्ता तथा नविकरण गर्ने गरि भएका काम कारवाही यसै कार्यबिधि बमोजिम गरेको मानिने छ ।

३२. **स्वत : अमान्य हुने** : यस कार्यविधिको कुनै प्रावधान प्रचलित कानूनको कुनै व्यवस्थासंग बाझिएमा बाझिएको हद सम्म अमान्य भै प्रचलित कानुन वमोजिम हुनेछ ।

३३. **निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्ने** : हल्दीबारी गाउँपालिका भित्रका जनताहरुलाई अस्पताल,स्वास्थ्य क्लिनिक तथा स्वास्थ्य सेवा प्रदायक संस्थाहरुले लक्षित वर्ग तथा विपन्न समुदाय,जेष्ठनागरिक तथा वडा पालिकाको सिफारिशमा १० प्रतिशत सेवा निशुल्क प्रदानगर्नु पर्ने छ र सोको अनिवार्यरुपमा सार्वजनिक गरि गाउँपालिकामा प्रतिवेदन गर्नु पर्ने छ ।

३४.**स्वास्थ्य संस्था स्थापना तथा नवीकरण दस्तुर** : हल्दीबारी गाउँपालिका भित्र संचालन हुने सवै प्रकारका स्वास्थ्य सस्थाहरु स्थापना,संचालन तथा नवीकरणका लागि देहाय अनुसारको दस्तुर गाउँपालिका कार्यलयमा वुभ्काउनु पर्ने छ ।

| सि.नं. | संस्थाको किसिम | शुल्क निर्धारण इकाई | स्थापनाका लागि दस्तुर रकम रु. | वर्षिक नवीकरणका लागि दस्तुर रकम रु. |
|---|---|---|---|---|
| १ | अस्पताल (१५ शैया सम्म) | शैया संख्या | प्रति शैया रु. ३०००।- | प्रति शैया रु. २०००।- |
| २ | स्वास्थ्यक्लिनिक | सेवाप्रकार | प्रति सेवा रु. १०,०००।- | प्रति सेवा रु. ५०००।- |
| ३ | आयुर्वेद/वैकल्पिकचिकित्साअस्पताल | शैया संख्या | प्रति शैया रु. ३०००।- | प्रति शैया रु. २०००।- |
| ४ | आयुर्वेद क्लीनीक | सेवाप्रकार | प्रति सेवा रु १०,०००।- | प्रति सेवा रु ५०००। |
| ५ | प्रयोगशाला | सेवाप्रकार | प्रतिसेवा रु १०,०००।- | प्रतिसेवा रु ५,०००।- |
| ६ | प्राथमिक स्वास्थ्य क्लिनिक संचालन | सेवाप्रकार | प्रति सेवा रु ५०००। | प्रति सेवा रु २०००। |
| ७ | स्वीकृति अनुमतिका लागि निवेदन दस्तुर | अस्पताल | रु ५०००। | रु २००० |
| ८ | स्वीकृति अनुमतिका लागि निवेदन दस्तुर | अन्य स्वास्थ्य संस्थाहरु | रु २०००। | रु १०००। |

३४. **स्वास्थ्य संस्थाको फोहोर व्यवस्थापन** : स्वास्थ्य संस्थाबाट उत्पन्न हुने फोहोरजन्य पदार्थहरु नियमअनुसार व्यवस्थापन गर्नु स्वयं स्वास्थ्य संस्थाको जिम्मेवारी हुनेछ र सो व्यवस्थापन नगरेमा नियमअनुसार कारबाही हुनेछ ।

३५. **महामारी व्यवस्थापन, आधारभुत स्वास्थ्य सेवा उपभोग गर्न तथा राष्ट्यि कार्यक्रमहरुमा सहयोग :** स्वास्थ्य सस्थाहरुले राष्ट्यि तथा पालिका स्तरमा देखापर्न सक्ने महामारी तथा विपदको अवस्थामा आवश्यक सहयोग र तोकिएको जिम्मेवारी पुरा गर्नु पर्ने छ र राष्ट्यि कार्यक्रमहरुमा आवश्यक सहयोग समन्वय गर्नुका साथै सुभ्काव परार्मश प्रदान गर्नु पर्ने छ । जनताको स्वास्थ्यमा हुने व्याक्तिगत खर्चलाई कमगर्ने उदेश्यले सरकारी स्तरबाट तथा गाउँपालिकाबाट तोकिएका सम्वन्धीत वडाका  स्वास्थ्य संस्थाहरुबाट उपलब्ध गराईने आधारभुत निशुल्क स्वास्थ्य सेवाहरु निशुल्करुपमा उपयोग गर्न  तथा स्वास्थ्य विमाकार्यक्रमलाई उपभोग गर्न जनताहरुलाई परार्मश गरि सामाजिक उत्तरदायित्व पुरा गर्न सहयोग गनुपर्ने छ । सोको वर्खिलाप गतिविधि गरेमा अनुमति खारेज गरि कारवाहि प्रक्रिया अगाडि बढाईनेछ ।

## अनुसूची १

स्वास्थ्य संस्था स्थापना, नबिकरण, सेवाविस्तार वा स्तरोन्नतिका लागि अनुमतिप्राप्त गर्न दिने निवेदन फाराम

**१.संस्थाको नाम :-** शैया संख्याः-

**२. साधारण सेवा/विशेषज्ञसेवा अस्पतालमा कुनहो उल्लेख गर्नेः-**

**३. संस्थाको ठेगाना (पत्राचार गर्ने ठेगाना ) :-**

| | | |
|---|---|---|
| पालिकाः- | वडा नं. :- | टोल :- |
| जिल्ला :- | ब्लक नं. :- | टेलिफोन न. :- |

**४. संस्था संचालन गर्ने व्यक्तिहरु :-**

| |
|---|
| नाम :- |
| नागरिकता नं. :- |
| ठेगाना :- |
| फोन नं. :- |
| मोबाइलनं. :- |

**५. संस्थाको वित्तीय स्रोत**

क) नीजि : ख) शेयरः ग) कर्जा : घ) सरकारी :

गैऱ्ह सरकारी संस्थाबाट कर्जा लिइ संचालन गर्ने भए सो उल्लेख गर्ने :**वित्तीयलगानी :-(लागत)** रु.

क. भवन तथा जग्गाका लागि :-

ख. औजार उपकरण :-

ग. जनशक्तिको लागि :-

**अचल सम्पत्तिका स्रोत :-**

**अनुमानितमुनाफा :-**

मासिक :- त्रैमासिक :- वार्षिक :-

**६.नर्सिङ्ग होम तथा निजी अस्पतालको वर्गीकरण अनुसार प्रदान गर्ने सेवाहरुको बिवरण कुन-कुन सेवा पुऱ्याउने हो? खुलाउने ।**

<u>निदानात्मक सेवा प्रतिकारात्मक सेवा उपचारात्मक सेवा अन्य सेवा</u>

एक्स-रे खोप प्रसूति तथा स्त्रीरोग एम.सि.एचक्लिनिक परिवार नियोजन प्याथोलोजील्यावआहार विहार जनरल मेडिसिन अल्ट्रासाउण्ड जनरल, सर्जिकल, विशेषज्ञसेवा जस्तै :- इण्डोस्कोपी, प्रसुति सेवा, मृगौलारोग,स्नायु,दन्त, ई.सी.सी., ट्रेडमील प्रयोगशाला सर्जिकल सेवातथाऔजारव्यवस्थापन

७. संस्थामा प्रयोग हुने आवश्यक मुख्य उपकरणहरुको बिवरण तथा स्रोत :-

(क) (ख) (ग)

(घ) (ङ) (च)

(छ) (ज) (झ)

८. संस्थामा सेवा पुऱ्याउने कर्मचारीहरुका बिवरण सम्बन्धित मापदण्ड अनुसार :-

(क) विशेषज्ञ :-

नाम पद योग्यता आंसिक तथा पूर्णकालिन

(ख) प्राविधिक :-

नाम पद योग्यता आंसिक तथा पूर्णकालिन

(ग) प्रशासनिकः-

नाम पद योग्यता आंसिक तथा पूर्णकालिन

**निवेदकको नामः हस्ताक्षर, छाप**

हलेसी राजपत्र

**नोटः**

१) सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पूरा भए पश्चातमात्र सेवा संचालन गर्न पाईनेछ ।

२) उपर्युक्त बमोजिम के कति कर्मचारीहरुका संस्थामा संलग्नहुने हो, स्पष्ट उल्लेख हुनु पर्ने ।

३) सबै शुल्क बिवरण बिस्तृत रुपमा उल्लेख हुनुपर्ने ।

४) संस्थामाकार्य गर्ने प्राविधिक कर्मचारीहरु सम्बन्धित परिषदमादर्ता भएको हुनु पर्ने, सम्बन्धित परिषदको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने ।

५) कर्मचारीहरुको योग्यताको प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्ने ।

६) नेपाल सरकारमा कार्यरतकर्मचारीहरु संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ५९ अनुसारका स्वीकृतिपत्र अनिवार्य रुपमा संलग्नहुनुपर्ने । तर नगर अर्न्तगतका कर्मचारीहरुको हकमा नगरपालिकाबाट स्वीकृती लिएको हुनु पर्नेछ ।

७) प्राविधिक कर्मचारीहरुले आफै कार्य गर्ने अन्य संस्थाहरुको समेत विवरण खुलाउने

## अनुसूची २

### स्वास्थ्य संस्था दर्ता, नबिकरण तथा स्तरोन्नती स्वीकृतिको प्रयोजनको लागि अनुगमन समिति सम्बन्धीव्यवस्था

| | |
|---|---|
| १. प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| २. सामाजिक विकास समितिको संयोजक | सदस्य |
| ३. प्राविधिक शाखा प्रमुख | सदस्य |
| ४. गाउँपालिका आधारभुत अस्पताल प्रमुख -मे.सु) | सदस्य |
| ५. स्वास्थ्य प्रमुख वा प्रतिनिधि स्वास्थ्य कार्यालय, ) | सदस्य |
| ६. नर्सिङ अधिकृत वा नर्सिङ स्नातक (स्वास्थ्य शाखा) | सदस्य |
| ७. प्रयोगशाला/ रेडियोलोजी शाखा प्रमुख पालिका अस्पताल | सदस्य |
| ८. प्रमुख -जिल्ला । पालिका आयुर्वेद औषधालय) | सदस्य |
| ९. स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

नोटः अनुसूची २ बमोजिमको समितिको सिफारिसमा अस्पताल स्थापना गर्न गाउँ कार्यपालिकाको निर्णय बमोजिम स्थापना स्वीकृति प्रदान गरिनेछ र अन्य स्वास्थ्य संस्थाको हकमा र नविकरणका लागि स्वास्थ्य शाखाको सिफारिसमा गाउँ कार्यपालिकाको कार्यालयले गर्न सक्नेछ र सोको समिति देहाय बमोजिम हुनेछ ।

देहाय

| | |
|---|---|
| १. प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| २. गाउँपालिका आधारभुत अस्पताल प्रमुख -मे.सु) | सदस्य |
| ३. नर्सिङ अधिकृत वा नर्सिङ स्नातक (स्वास्थ्य शाखा) | सदस्य |
| ४. प्रशासन शाखा प्रमुख | सदस्य |
| ५. स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

आवश्यकता अनुसार विषय विज्ञलाई बैठकमा आमन्त्रित गर्न सकिनेछ ।

अनुसुचि ३

**स्वास्थ्य संस्था सञ्चालनका लागि निवेदन दिदा सङ्लग्न गर्नु पर्ने कागजातहरु**

१. निवेदन फारम
२. कम्पनी दर्ता/संस्था दर्ताको प्रमाणित प्रतिलपि
३. संस्था/कम्पनीको विधान/प्रवन्धपत्र, नियमावलीको प्रतिलिपि
४. स्थायी लेखा दर्ताप्रमाण-पत्रको प्रतिलपि
५. स्थापना गर्न लागिएको ठाउँमा अस्पताल आवश्यक छ भन्ने सम्बन्धित वडाको सिफारिस पत्र
६. अस्पतालमा काम गर्ने जनशक्ति सम्बन्धीविवरण
(क) बायो डाटा
(ख) शैक्षिक योग्यता, तालिमका प्रमाणित प्रतिलिपि
(ग) प्राविधिक कर्मचारीहरुले सम्बन्धित काउन्सिलको दर्ताप्रमाण-पत्रको प्रतिलिपि
(घ) नागरिकता प्रमाणपत्रको प्रतिलिपि
(ङ) जनशक्तिहरुको काम गर्ने समय (पार्ट टाइम/फुल टाइम किटान गर्नु पर्नेछ)
(च) मञ्जुरीनामा/कबुलियतनामा
७. औजार उपकरणको बिवरण तथा स्रोत
८. सम्पूर्ण सेवा शुल्कबिवरण
९. भौतिक सामग्रीको बिवरण
१०. प्रारम्भिक वा तावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्यांकन(EIA) स्वीकृतिपत्रका प्रतिलिपी (अस्पतालको हकमा मात्र लागु हुने
११. अस्पतालको विस्तृत सर्भेक्षण सहितको प्रस्ताव
१२. अस्पतालको आर्थिक नियमावली
१३.लिने सेवा शुल्क विवरण र गरीब तथा असहायलाई छुट दिने नीति
१४. प्रदान गरिने सेवाको विवरण
१५. जग्गा/घरको स्वामित्व
१६. घर/कोठा बहालमा लिइ सञ्चालन गर्ने भए घर बहाल सम्झौता-पत्र र भवन स्वास्थ्य संस्था संचालन गर्न राष्ट्रिय भवन संहिता बमोजिम उपयुक्त छ भन्ने सम्बन्धि सिफारिश पत्र
१७. भवनको स्वीकृत नक्सा
१८.संस्थाको चलअचल सम्पत्ति बिवरण तथा वित्तीय स्रोत
१९.संस्थाको कार्य योजना(Scheme)
२०. कर चुक्ता प्रमाण पत्र (लागु हुने अवस्थामा मात्रै
२१. लेखा परीक्षण प्रतिवेदन (लागु हुने अवस्थामा मात्रै
२२. बिरामी बडापत्रको नमुना
२३. रु.१० को हुलाक टिकट तथा तोकिएको निवेदन दस्तुर
२४. मूल्य अभिबृद्धि कर वा आयकरमा दर्ता भएको प्रमाणपत्र
२५. भवननिर्माण सम्पन्न प्रमाणपत्र
२६. फोहरमैला व्यवस्थापन बिबरण
२७. व्यवसायदर्ता प्रमाण पत्रको प्रतिलिपी
२८. नियमित प्रतिवेदन पेश गरेको सिफारिश (नविकरणको लागि)
२९. निशुल्क उपचार सेवा प्रदान गरेको विवरण (नविकरणको लागि)
३०. अन्य नियमअनुसार आवश्यक कागजातहरु

**आज्ञाले**

इन्द्र प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

हल्दीबारी राजपत्र